स्थानीय सरकार
LOCAL GOVERNMENT
# दुहवी नगरपालिका
# DUHABI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL

प.सं.-२०८२/०८३
च.नं.- ४३४७

मितिः-२०८३/०३/३२

**विषय: आर्थिक वर्ष २०८२/८३ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा।**

श्री जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीज्यूहरू सबै,
दुहवी नगरपालिकाको कार्यालय,
दुहवी, सुनसरी।

प्रस्तुत विषयमा, भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानुनी व्यवस्था बमोजिम सार्वजनिक पद धारण गरेका प्रत्येक पदाधिकारी, जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० (साठी) दिनभित्र आफ्नो तथा आफ्नो परिवारको नाममा रहेको सम्पत्ति विवरण सम्बन्धित निकायमा अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था रहेको व्यहोरा सर्वविदितै छ। उक्त कानुनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ को सम्पत्ति विवरण तोकिएको ढाँचामा पूर्ण, स्पष्ट तथा यथार्थ रूपमा भरी **२०८३ साल भदौ मसान्तभित्र** यस नगरपालिकाको प्रशासन शाखामा दर्ता गराई आफ्नो कानुनी दायित्व पूरा गर्नुहुन सम्पूर्ण जनप्रतिनिधिज्यू तथा राष्ट्रसेवक कर्मचारीज्यूहरूमा हार्दिक अनुरोध गरिन्छ। साथै, तोकिएको समयभित्र सम्पत्ति विवरण पेश नगरेमा प्रचलित कानुनबमोजिम हुने कारबाही तथा त्यसबाट सिर्जना हुने सम्पूर्ण जिम्मेवारी सम्बन्धित व्यक्ति स्वयंको हुने व्यहोरा समेत जानकारी गराइन्छ।

**जानकारीका लागि :** सम्पत्ति विवरण पेश गर्न आवश्यक पर्ने निर्धारित फाराम दुहबी नगरपालिकाको **प्रशासन शाखाबाट कार्यालय समयभित्र उपलब्ध गराइने** व्यहोरा सम्बन्धित सबै जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीज्यूहरूलाई जानकारीका लागि अनुरोध छ।

टंक प्रसाद पुडासैनी
प्रमुख प्रशासकीय अधिकृत



CS Scanned with CamScanner